लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय

# रुकुम पूर्व अस्पताल

रुकुमकोट, रुकुम (पूर्वी भाग)

फोनः- ०८८-४१३१४५
मेल- rukumeasthospital.gov@gmail.com

प.सः ०८१/८२
च.न :

## कर्मचारी आवश्यक्ता सम्बन्धी सुचना।

प्रथम पटक सुचना प्रकाशित मितिः २०८१/०६/०१

स्वास्थ्य मन्त्रालय लुम्बिनी प्रदेशको च.न ३२३, मिति २०८१/०५/३१ गतेको सहमती पत्रानुसार यस रुकुम पूर्व अस्पतालमा स्वीकृत दरबन्दीमा रिक्त रहेका देहायका पदहरुमा करार सेवा (स्वीकृत दरबन्दीमा स्थायी पदपूर्ती भई आएमा वा अन्य प्रक्रियाबाट पदपूर्ती भई आएका बखत स्वतः नरहने गरी) का माध्यमबाट पदपूर्ति गर्नुपर्ने भएकाले सम्बन्धित पदहरुको लागि योग्यता पुगेका इच्छुक नेपाली नागरिकलाई यो सुचना प्रकाशित भएका मितीले १० (दश) दिन भित्र यस रुकुम पूर्व अस्पतालबाट दरखास्त फारम भरी आवश्यक कागजात सहित दरखास्त पेश गर्न हुन सम्बन्धित सबैमा जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ। म्याद नाघी वा रित नपुगेका दरखास्त उपर कुनै कारवाही गरिने छैन।

| विज्ञापन नं. | पद | श्रेणी/तह | माग संख्या | न्यूनतम शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|---|---|
| ०८१/०८२-०१ | ल्याब टेक्नेसियन | पाँचौं | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट हेल्थ ल्याब बिषयमा प्रमाणपत्र तह/CMLT कार्ष उतिर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको | स्विकृत दरबन्दी करार |
| ०८१/०८२-०२ | ल्याब असिस्टेन्ट | चौथो | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट ल्याब असिस्टेन्ट कोर्ष उतिर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको। | स्विकृत दरबन्दी करार |

१. दरखास्त फारम बुझाउने स्थान र विधिः- रुकुम पूर्व अस्पताल, रुकुमकोट रुकुम (पूर्वी भाग)। लोक सेवा आयोगको ढाँचामा फाराम भरी पेश गर्नुपर्नेछ ।
२. दरखास्तमा पेश गर्नुपर्ने कागजातहरुः- उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपी, नेपाली नागरिकता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी, अनुभवको प्रमाणित प्रतिलिपी, प्रचिलित कानुन बमोजिम काउन्सिलमा दर्ता भएको प्रमाणित प्रतिलिपीहरुको पछाडी उम्मेदवार स्वयंले प्रमाणित गरी लोकसेवा फारामको ढाँचामा सम्पूर्ण विवरण भरी हालसालै खिचिएको पासपोर्ट साईजको २ प्रति फोटो सहित पेश गर्नु पर्नेछ।
३. दरखास्त दस्तुरः- सहायक पाँची तहको लागि रु.५००/-( पाँच सय मात्र) सहायक चौथी तहको लागि रु ४००/- (चार सय मात्र)।
४. दरखास्त दिने अन्तिम मितिः- २०८१/०६/१० गते कार्यालय समय भित्र। उक्त दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट।
५. छनौटको आधार र प्रकृयाः- संक्षिप्त सूची र अन्तरवार्ता (संक्षिप्त सूचीमा परेकोलाई अन्तरवार्ताको लागि छनौट गरिनेछ) ।
६. सम्पर्क मिति र स्थानः- दरखास्त पेश गर्ने अन्तिम मितिको भोलिपल्ट। स्थानः-रुकुम पूर्व अस्पताल, रुकुमकोट रुकुम पूर्व।
७. उम्मेदवारको उमेर हदः- १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको।
८. पदमा रहि गर्नुपर्ने कामको विवरणः- सेवा, समूह सम्बन्धी।
९. तलबः प्रदेश सरकारको प्रचलित नियम अनुसार सो पदका लागि तोकेको सुरु तलब स्केल मात्र।
१०. अन्तरवार्ताको सूचनाः-संक्षिप्त सूचीमा परेका सहभागीहरुको नामावली प्रकाशन तथा अन्तरवार्ताको सूचना अस्पतालको सूचना पाटीमा/फेसबुक पेजमा प्रकाशित गरिनेछ।
११. अन्तरवार्ताको मिति, समय, स्थानः- पछि तोकिनेछ।
१२. अन्यः सूचनामा उल्लेख नभएका विषयहरू प्रचलित कानुन बमोजिम हुने छ। पदपूर्ति सम्बन्धी सम्पूर्ण तथा अन्तिम अधिकार पदपूर्ति समितिमा रहने छ।

नोटः- सूचनामा उल्लेख नभएका विषयहरु लुम्बिनि प्रदेश सरकार "करार कर्मचारी व्यवस्थापन कार्यविधि २०८०" एवम् प्रचलित कानून बमोजिम हुनेछ। यस सम्बन्धमा थप जानकारी आवश्यक भएमा अस्पतालको प्रशासन शाखाः सम्पर्क ०८८-४१३१४५ मा सम्पर्क गर्नुहुन अनुरोध छ।

मेडिकल ल्याब टेक्नोलोजिष्ट (सातौं) किरण पौडेल :- ९८४१०३९४६३

Scanned with CamScanner